# कोटहीमाई गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः९ मितिः २०८२/०८/१५

## भाग-२

## कोटाहीमाई गाउँपालिका भित्रका गर्भवती महिला तथा बालबालिकाको पोषण अभिवृद्धिका लागि कार्यक्रम संचालन कार्यविधि,२०८२

### प्रस्तावना

कोटहीमाई गाउँपालिका भित्रका गर्भवती महिला तथा ०-५९ महिना सम्मका बालबालिकामा देखिने कुपोषण न्यूनीकरण, सुरक्षित मातृत्व प्रवर्द्धन,नियमित वृद्धि अनुगमन प्रवर्द्धन तथा अभिभावकमा पोषण र सरसफाइसम्बन्धी सकारात्मक व्यवहार विकास गराउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११,कोटहीमाई गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन,२०७५ को दफा ४ तथा अन्य प्रचलित कानून बमोजिम प्राप्त अधिकार प्रयोग गरी यो कार्यविधि, २०८२ जारी गरिएको छ ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम " कोटाहीमाई गाउँपालिका भित्रका गर्भवती महिला तथा बालबालिकाको पोषण अभिवृद्धिका लागि कार्यक्रम संचालन कार्यविधि, २०८२" रहनेछ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा:**

(क) "गाउँपालिका" भन्नाले कोटाहीमाई गाउँपालिकालाई जनाउँछ ।

(ख) "गर्भवती महिला" भन्नाले स्वास्थ्य संस्थामा दर्ता भई गर्भ परीक्षण गराएकी महिला सम्झनु पर्दछ ।

(ग) "बालबालिका" भन्नाले ०-२४ वा ०-५९ महिनासम्मका शिशु सम्झनु पर्दछ ।

(घ) "बच्चा झोला कार्यक्रम" भन्नाले वृद्धि अनुगमनमा नियमित सहभागी हुने बालबालिकाका अभिभावकलाई प्रदान गरिने नुन, साबुन, घिउ, अण्डा तथा अन्य पोषण सामग्री समावेश प्रोत्साहन प्याकेजलाई जनाउँछ

(घ) "वृद्धि अनुगमन" भन्नाले तौल, लम्बाइ/उचाइ मापन तथा पोषण अवस्थाको अभिलेखीकरण गर्ने कार्य सम्झनु पर्दछ ।

(ङ) "पोषण सहजकर्ता" भन्नाले कार्यक्रम कार्यान्वयनका लागि नियुक्त वा तोकिएको व्यक्ति सम्झनु पर्दछ ।

(च) पोषण अभिवृद्धि भन्नाले व्यक्तिको शारीरिक वृद्धि, स्वास्थ्य, र जीवनस्तर सुधार गर्न आवश्यक पोषक तत्वहरूको पर्याप्त मात्रा र गुणस्तरीय सेवन सुनिश्चित गर्नु हो । यसले विशेष गरी गर्भवती महिला,किशोरी, शिशु र साना बच्चामा कुपोषण न्यूनीकरण, रोग प्रतिरोधात्मक क्षमता सुधार, शारीरिक र मानसिक विकासलाई लक्षित गर्दछ ।

(छ) "कार्यक्रम" भन्नाले पोषण अभिवृद्धि सम्बन्धी कार्यक्रमलाई जनाउँछ ।

(ज) "लाभग्राही" भन्नाले गाउँपालिका भित्रका गर्भवती महिला तथा ५ वर्षमुनिका बालबालिका बुझिन्छ ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले गाउँपालिकाभित्रका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र आदि बुझिन्छ

## परिच्छेद-२

**३. उद्देश्य**

(१) गर्भवती महिला तथा ०-२४ महिनासम्मका बालबालिकाको नियमित वृद्धि अनुगमन सुनिश्चित गर्नु ।

(२) कुपोषणको रोकथाम, पहिचान र व्यवस्थापनमा सहयोग पुऱ्याउनु ।

(३) अभिभावकमा स्तनपान, पूरक आहार, सरसफाइ र पोषणसम्बन्धी व्यवहार सुधार गराउनु ।

(४) स्वास्थ्य संस्थामा नियमित उपस्थितिलाई प्रोत्साहन गर्नु ।

(५) १००० दिनका आमा तथा मध्यम र शिघ्र कुपोषित बालबालिकाहरुलाई पोषण समाग्री वितरण गर्नु ।

४. लक्षित समूह

(१) कोटाहीमाई गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने गर्भवती महिला तथा बालबालिकाहरु ।

(२) **विशेष प्राथमिकता** पोषण अभिवृद्धि कार्यक्रमका मुख्य गतिविधिहरू :

- नियमित वृद्धि अनुगमन गराउने गर्भवती महिला तथा बालबालिकाहरुलाई ।
- कम तौल, मध्यम वा शिघ्र (गम्भीर)कुपोषित बालबालिका ।
- विपन्न, दलित, सीमान्तकृत तथा जोखिमयुक्त परिवार ।

(२.१) **पोषण अभिवृद्धि कार्यक्रमका मुख्य गतिविधिहरू**

| गतिविधि | उद्देश्य | लक्षित समूह |
|---|---|---|
| बच्चा झोला वितरण (नुन, साबुन, घिउ, अण्डा, पोषण सामग्री) | पोषण स्तर सुधार | गर्भवती महिला र बालबालिकाहरु |
| मासिक वृद्धि अनुगमन | बच्चाको तौल, उचाइ र पोषण स्थिति निगरानी | बालबालिका |
| स्वास्थ्य शिक्षा / पोषण सन्देश | आहार सुधार, सरसफाइ, स्तनपान प्रवर्द्धन | आमाबाबु/सुरक्षीत परिवार |
| कुपोषण पहिचान र उपचार | समयमै मध्यम/गम्भीर कुपोषणको उपचार | बालबालिका |

**परिच्छेद-३**

**५. कार्यक्रम सञ्चालन प्रक्रिया**

(१) प्रत्येक स्वास्थ्य संस्था/खोप क्लिनिकमा मासिक रूपमा वृद्धि अनुगमन सञ्चालन गरिनेछ ।

(२) प्रत्येक बालबालिकाको तौल, लम्बाइ तथा पोषण अवस्था वृद्धि चार्टमा अभिलेख गरिनेछ ।

(३) अभिभावकलाई पोषण, स्तनपान, पूरक आहार तथा सरसफाइसम्बन्धी परामर्श सेवा प्रदान गरिनेछ ।

(४) लगातार तोकिएको संख्यामा (कम्तीमा २४ पटक वा स्वास्थ्य शाखाले तोके अनुसार) वृद्धि अनुगमनमा सहभागी हुने लाभग्राहीलाई बच्चा झोला निःशुल्क वितरण गरिनेछ ।

५) ०-५९ महिनाका बालबालिकाको तौल (जोखा) र आवश्यक परे उचाइ मापन गरिनेछ ।

६) बृद्धि चार्टमा अभिलेख गरी अभिभावकलाई अवस्था जानकारी गराइनेछ ।

७) सहभागी बालबालिकालाई प्रतीकात्मक रूपमा आयोडिनयुक्त नुन,घिउ,अण्डा,साबुन र पोषण समाग्री,गर्भावती,सुत्केरी तथा बच्चा झोला निःशुल्क वितरण गरिनेछ ।

८. पोषण, सरसफाइ तथा बालहेरचाहसम्बन्धी संक्षिप्त परामर्श प्रदान गरिनेछ ।

९) लगातार तोकिएको संख्यामा (कम्तीमा ८ पटक वा स्वास्थ्य शाखाले तोके अनुसार) गर्भवती महिलाले वृद्धि अनुगमनमा सहभागी हुदा निःशुल्क बच्चा झोला निःशुल्क नुन, साबुन, घिउ, अण्डा तथा पोषण सामग्री वितरण गरिनेछ ।

(१०) सामुदायिक पोषण बगैंचा प्रवर्द्धन,घरायसी तरकारी खेती तथा पोषणयुक्त बाली प्रवर्द्धन कार्यक्रम ।

(११) पोषण शिक्षा तथा परामर्श कार्यक्रम सञ्चालन ।

**६. गर्भवती,सुत्केरी तथा बच्चा झोलामा समावेश सामग्री**

(१) आयोडिनयुक्त नुन

(२) साबुन (हात धुने/नुहाउने)

(३) घिउ

(४) अण्डा

(५) स्थानीय रूपमा उपलब्ध अन्य पोषण सामग्री (जस्तैः दाल, चना, सत्तु आदि)

(६) आवश्यक परेमा झोला (थैली)

**६.१ प्रत्येक पटक तौल गराउन आउँदा निःशुल्क वितरण गर्ने सामग्रीको विवरण**

क) आयोडिनयुक्त नुन (निर्धारित परिमाण)

ख) नुहाउने/हात धुने साबुन

ग) घिउ

घ) अण्डा

ङ) स्थानीय रूपमा उपलब्ध अन्य पोषण सामग्री (जस्तैः दाल, चना, सत्तु आदि)

च) आवश्यक सूचना तथा सन्देश सामग्री (पम्प्लेट/पोस्टर)

छ) अवश्यक्ता अनुसार माथी उल्लेखित समानहरु मध्ये वाट निःशुल्क वितरण गरिनेछ ।

**६.२ कोटाहीमाई गाउँपालिका भित्रका गर्भवती महिला तथा बालबालिकाको पोषण अभिवृद्धिका लागि कार्यक्रम संचालन कार्यविधि, २०८२ को समाग्री वितरण अनुसुची १ बमोजीमको ढाँचामा र प्रतिबेदन कार्यविधीको अनुसुची २ बमोजीमको ढाँचामा हुनेछ ।**

## परिच्छेद-४

**७. पोषण फोकल व्यक्ति वा पोषण सहजकर्ताका तोक्ने व्यवस्था**

(१) कोटाहीमाई गाउँपालिकाले गर्भवती महिला तथा ०-२४ महिनासम्मका बालबालिकाको पोषण तथा वृद्धि अनुगमन कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न एक जना पोषण सहजकर्ता तोक्नेछ ।

(२) पोषण फोकल व्यक्ति सामान्यतया स्वास्थ्य शाखा प्रमुख वा पोषण सहजकर्तालाई तोकिनेछ ।

(३) आवश्यकता अनुसार प्रत्येक स्वास्थ्य संस्थामा समेत एक जना पाषण सम्पर्क व्यक्ति तोकिन सक्नेछ ।

**८. पोषण फोकल व्यक्तिको वा पोषण सहजकर्ताको काम, कर्तव्य र अधिकार**

**(१) पोषण सहजकर्ताको काम, कर्तव्य र अधिकार**

(क) कार्यक्रमको वार्षिक योजना तथा कार्ययोजना तयार गर्ने ।

(ख) गर्भवती महिला तथा ०-२४ महिनासम्मका बालबालिकाको वृद्धि अनुगमनको नियमितता सुनिश्चित गर्ने ।

(ग) बच्चा झोला (नुन, साबुन, घिउ, अण्डा तथा पोषण सामग्री) खरिद, भण्डारण तथा वितरण प्रक्रियाको समन्वय गर्ने ।

(घ) स्वास्थ्य संस्था तथा महिला स्वास्थ्य स्वयंसेविकासँग समन्वय गर्ने ।

(ङ) मासिक तथा त्रैमासिक प्रतिवेदन संकलन, विश्लेषण तथा पेश गर्ने ।

(च) कुपोषित बालबालिकाको पहिचान तथा व्यवस्थापनमा सहजीकरण गर्ने ।

(छ) सम्बन्धित सरोकारवालासँग समन्वय गरी पोषणसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(ज) पोषण सम्बन्धी सम्पूर्ण कामकाज गर्ने ।

(ञ) गाउँ कार्यपालिकालाई आवश्यक सुझाव पेश गर्ने ।

(२) **पोषण सहजकर्ता नियुक्तीको न्यूनतम मापदण्ड**

क). न्यूनतम योग्यता

- कम्तीमा +२ वा सो सरह उत्तीर्ण ।
- स्थानीय बासिन्दा तथा स्थानीय भाषा बोल्न सक्ने ।
- स्वास्थ्य,पोषण तथा सामुदायिक विकास क्षेत्रमा र स्थानिय तहमा कम्तीमा ४ वर्ष काम गारेको अनुभव भएकालाई विशेष प्राथमिकता दिईने छ ।

ख). कार्य अवधि

- गाउँ कार्यपालिकाको निर्णय अनुसार (सामान्यतया एक आर्थिक वर्षका लागि करारमा नियुक्ति, कार्यसम्पादन मूल्याङ्कनका आधारमा नवीकरण हुन सक्ने)।

**९. उत्तरदायित्व**

(१) पोषण सहजकर्ता स्वास्थ्य शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत र गाउँ कार्यपालिकाप्रति उत्तरदायी हुनेछ ।

(२) कार्यसम्पादनको वार्षिक समीक्षा गरिनेछ ।

**१०. सुविधा**

(१) गाउँपालिकाले स्वीकृत बजेटको परिधिभित्र रही सहायक पाँचौ सरहको सेवासुविधा, पोषाक भत्ता,चाँड पर्व खर्च तथा आवश्यकतानुसार बैठक भत्ता, संचार खर्च,अनुगमन खर्च, वा अन्य सुविधा उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद-५

### ११. जिम्मेवारी

(१) गाउँपालिका/गाउँ कार्यपालिका/पोषण सहजकर्ता

- आवश्यक बजेट विनियोजन गर्ने ।
- कार्यक्रम कार्यान्वयनका लागि नीतिगत निर्णय गर्ने ।
- अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(२) स्वास्थ्य तथा पोषण शाखा

- वार्षिक कार्ययोजना तयार गर्ने ।
- स्वास्थ्य संस्थाबाट प्राप्त प्रतिवेदन संकलन र विश्लेषण गर्ने ।
- कार्यक्रमको समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्ने

(३) स्वास्थ्य संस्था

- तौल तथा उचाइ मापन, अभिलेख र परामर्श प्रदान गर्ने ।
- नियमित वृद्धि अनुगमन सञ्चालन गर्ने ।
- अभिलेख व्यवस्थित राख्ने ।
- बच्चा झोला वितरण गर्ने ।

(४) महिला स्वास्थ्य स्वयंसेविका (FCHV)

- घरदैलो सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- लाभग्राहीको पहिचान तथा उपस्थितिमा सहजीकरण गर्ने ।
- अभिभावकलाई कार्यक्रममा सहभागी गराउने तथा सन्देश प्रवाह गर्ने ।

## परिच्छेद-६

### १२. अनुगमन तथा प्रतिवेदन

(१) स्वास्थ्य संस्थाले मासिक प्रतिवेदन स्वास्थ्य तथा पोषण शाखामा पेश गर्नेछ ।
(२) स्वास्थ्य तथा पोषण शाखाले अर्धबार्षिक र बार्षिक समीक्षा गर्नेछ ।
(३) वार्षिक रूपमा कार्यक्रमको प्रभाव मूल्याङ्कन गरिनेछ ।

### १३. बजेट व्यवस्था

- कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट गाउँसभाबाट स्वीकृत वार्षिक नीति तथा कार्यक्रम तथा बजेट शीर्षक अन्तर्गत व्यवस्था गरिनेछ ।

## १४. विविध

क) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा सोको समाधान गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित हुनेछ ।

ख) यस कार्यविधिको आवश्यक्ता अनुसार कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

अनुसूची-१
(दफा ६ तथा ८ सँग सम्बन्धित)
बच्चा झोला वा पोषण सामग्री
वितरण फाराम

१. कार्यक्रम विवरण
गाउँपालिका : कोटाहीमाई गाउँपालिका
वडा नं.: ..................
वितरण मितिः ..........................
वितरण स्थानः ...........................
आ.व.:
२. लाभग्राही विवरण

| क.सं. | लाभग्राहीको नाम | गर्भवती/बालबालिका | बालबालिकाको उमेर/महिना | लिङ | टोल | समाग्रीको नाम | सम्पर्क नं. | हस्ताक्षर/औंठाछाप |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |

वितरण गर्नेको
नामः ...........................
पदः ..................
हस्ताक्षरः .....................

स्वास्थ्यकर्मी/पोषण पहजकर्ता :
नाम :
पद : ..................
हस्ताक्षरः

अनुसूची-२
(दफा ६ तथा ८ सँग सम्बन्धित)
बच्चा झोला वा पोषण सामग्री
वितरण कार्यक्रमको
प्रतिबेदन फाराम

१. कार्यक्रम विवरण
गाउँपालिकाः कोटाहीमाई गाउँपालिका
वडा नं.: ...................
वितरण मितिः ............................
वितरण स्थानः ............................
आ.व.:
३. वितरण गरिएको सामग्री विवरण

| क.सं. | सामग्रीको नाम | एकाइ | प्रति लाभग्राही परिमाण | जम्मा वितरण परिमाण | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | आयोडिनयुक्त नुन | प्याकेट | | | | | |
| २ | साबुन | वटा | | | | | |
| ३ | घिउ | ग्राम/के.जी. | | | | | |
| ४ | अण्डा | वटा | | | | | |
| ५ | पोषण पिठो/अन्य | प्याकेट/झोला | | | | | |
| जम्मा | | | | | | | |

वितरण गर्नेको
नामः ............................
पदः ...................
हस्ताक्षरः ......................

स्वास्थ्यकर्मी/पोषण पहजकर्ता :
नाम :
पद : ...................
हस्ताक्षरः

आज्ञाले
अजय मिश्र
प्रमुख प्रशासकीय अधिकृत